# नेपाल पर्यटन बोर्डको कार्यकारी प्रमुखको नियुक्ति सिफारिस सम्बन्धी कार्यविधि, २०८०

खुला प्रतिस्पर्धाको माध्यमबाट दरखास्त आह्वान गरी नेपाल पर्यटन बोर्डको कार्यकारी प्रमुख छनौट गर्नका लागि आवश्यक प्रक्रिया, विधि र मूल्याङ्कनका आधारहरू तोक्न आवश्यक भएकोले छनौट उपसमितिको सिफारिसमा नेपाल पर्यटन बोर्ड कार्यकारी समितिले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

१। आवेदन र छनौट प्रक्रिया :

नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को दफा १४ (१) बमोजिम बोर्डको कार्यकारी प्रमुख पदमा नियुक्तिका लागि सिफारिस गर्न छनौट उप समितिले देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नेछः-

९क० कार्यकारी प्रमुखको पदमा आवेदन दिन इच्छुक उम्मेदवारहरूका लागि कम्तिमा १२ (बाह्र) दिनको समय दिई आवेदनका लागि नेपाल पर्यटन बोर्ड नियमावली, २०५५ को नियम ८ (२) बमोजिम दरखास्त आह्वान गर्ने,

९ख० उक्त अवधिभित्र कम्तिमा ५ (पाँच) वटा दरखास्त नपरेमा परेका दरखास्तहरु कायम राखी पुनः ३ (तीन) दिनको म्याद दिई सूचना आह्वान गर्ने र सो समयभित्र परेका दरखास्तहरुलाई कायम गरी मूल्यांकन प्रक्रियामा लानुपर्नेछ ।

९ग० दरखास्त साथ बुँदा नं ४ मा उल्लिखित कागजातहरु पेश गर्नुपर्ने,

९घ० छनौट उपसमितिले म्यादभित्र प्राप्त भएका दरखास्त उपर खण्ड (क) वा (ख) बमोजिमको समय समाप्त भएको ३ (तीन) दिनभित्र योग्यता पुगेका व्यक्तिहरुको सूचि (List) तयार गर्ने,

९ङ० उक्त सूचि तयार भएको ३ (तीन) दिनभित्र समस्या समाधानमूलक विषयमा प्रस्तुतीकरणका लागि सूचना दिने,

९च० खण्ड (ङ) बमोजिम प्रस्तुतीकरण सम्पन्न भएपछि कम्तिमा ३ (तीन) दिनको समय दिई व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ताको लागि सूचना दिने,

९छ० व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण एवं अन्तर्वार्ता सकिएको बढीमा २ (दुई) दिनभित्र वर्णानुक्रम अनुसार तीन जनाको नाम मध्येबाट एक जनालाई नियुक्तिका लागि कार्यकारी समिति समक्ष सिफारिस गर्ने ।

२। आवश्यक न्यूनतम योग्यता र कार्य अनुभव :

कार्यकारी प्रमुख पदमा आवेदन दिनको लागि देहायको योग्यता पुगेको हुनुपर्नेछः-

क। कुनै पनि विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको र समग्र पर्यटन क्षेत्रमा क्रियाशील रही कम्तिमा दश वर्षको अनुभव प्राप्त गरेको,



नेपाल पर्यटन बोर्ड NTB २०५४

ख। पैतिस वर्ष उमेर पूरा भई साठी वर्ष ननाघेको,

ग। नेपाली नागरिक,

घ। नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको,

ङ। कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त नगरेको,

च। अन्य प्रचलित कानूनले अयोग्य नभएको ।

३। मूल्याङ्कनका आधारहरूः

यस कार्यविधिमा तोकिएको म्यादभित्र प्राप्त दरखास्त उपर देहायको आधारमा उम्मेदवारहरूको मूल्याङ्कन गरी अङ्क प्रदान गरिनेछ ।

| सि.नं. | विवरण | अङ्कभार |
|---|---|---|
| क. | शैक्षिक योग्यता, कार्य अनुभव र व्यवसायिक कार्ययोजना | ३६ अङ्क |
| १. | शैक्षिक योग्यता वापत | ६ |
| १.१ | कुनै पनि विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको ३ अङ्क<br>(प्रथम श्रेणी–३, द्वितीय श्रेणी–२, तृतीय श्रेणी–१)<br>Masters in Tourism or Management, Business Administration or tourism related field भएमा थप –१ अङ्क | ४ |
| १.२ | कुनै पनि विषयमा विद्यावारिधि वा सो सरह | २ |
| २. | कार्य अनुभव वापत | ८ |
| २.१ | कुनै संस्थाको कार्यकारी प्रमुख वा सो सरहको पदमा काम गरेको अनुभव प्रत्येक एक वर्षका लागि एक अङ्कका दरले बढीमा पाँच अङ्क | ५ |
| २.२ | कार्यकारी प्रमुखभन्दा मुनिको व्यवस्थापकीय पदमा काम गरेको प्रत्येक वर्षको एक अङ्कका दरले बढीमा तीन अङ्क | ३ |
| ३. | व्यवसायिक कार्ययोजना (Business Plan) वापत | २२ |
| ३.१ | Background | २ |
| ३.२ | Overview of Nepalese tourism sector<br>(familiarity with government policies and regulations related tourism) | २ |
| ३.३ | SWOT Analysis | २ |
| ३.४ | Strategies based on NTB's Scope<br>(Depth understanding of tourism landscape in Nepal including | ५ |

नेपाल पर्यटन बोर्ड NTB २०५४

| | | |
|---|---|---|
| | key destinations attraction and challenges) | |
| ३.५ | Key performance indicators | २ |
| ३.६ | Marketting, promotion and branding strategy | २ |
| ३.७ | Product development<br><br>a. improvement of infrastructures and amenities for tourist<br><br>b. innovation in tourism offering to meet changing consumers<br><br>c. development of tourism attraction and experience | ३ |
| ३.८ | Risk mitigating measures | २ |
| ३.९ | Conclusion | २ |
| ख. | समस्या समाधानमूलक विषयमा प्रस्तुतीकरण | १४ |
| क र ख को जम्मा | | ५० |

*स्पष्टीकरणः बुँदा नं क २ को प्रयोजनको लागि **कार्यकारी प्रमुख वा सो सरहको पद** भन्नाले नेपाल सरकारको सहसचिव वा सार्वजनिक निकायको एघार तह वा सो भन्दा माथिको तह वा कानुन बमोजिम दर्ता भएको सगठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको कार्यकारी प्रमुखको पद सम्झनु पर्छ। साथै, **कार्यकारी प्रमुख भन्दा मुनिको व्यवस्थापकीय पद** भन्नाले नेपाल सरकारको उपसचिव वा सार्वजनिक निकायको ९ वा १० तह वा कानुन बमोजिम दर्ता भएको संगठित सस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको व्यवस्थापकीय पद सम्झनु पर्छ।*

४। आवेदनसाथ पेश गर्नुपर्ने कागजातः

कार्यकारी प्रमुखको पदमा नेपाल पर्यटन बोर्ड ऐन २०५३, समेत बमोजिम योग्यता पुगेका उम्मेदवारले आवेदनसाथ देहायका कागजात पेश गर्नुपर्नेछः-

क। नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ख। शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

ग। पर्यटन क्षेत्रमा प्राप्त गरेको अनुभवको प्रमाणपत्रको प्रतिलिपि,

घ। नेपाल पर्यटन बोर्डको प्रभावकारिता अभिवृद्धिका लागि गर्नुपर्ने क्रियाकलापहरु समेटिएको पाँच हजार शब्दमा नबढ्ने गरी चार वर्षको व्यवसायिक कार्ययोजना (Business Plan),

नेपाल पर्यटन बोर्ड NTB २०५४

ङ। विभागीय जिम्मेवारीमा भएको अवस्थामा उम्मेदवारले विभागीय स्वीकृति प्रदान भएको पत्र समेत पेश गर्नुपर्नेछ।

च। दरखास्तसाथ उम्मेदवारले देहायको व्यहोराको स्वयं घोषणाको विवरण स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछः

१. कुनै राजनीतिक दलको सदस्य नरहेको,

२. बोर्डसँगको कारोबार, ठेक्का पट्टा वा बोर्डको कामसँग सम्बन्धित विषयमा निजी स्वार्थ नभएको,

३. आफ्नो नाममा कुनै व्यक्तिगत बेरूजु नभएको,

४. भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागू औषध कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसुर वा नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको,

५. टाट पल्टेको वा वेइमानी वा जालसाजी आरोपमा सजाय नपाएको एवं दामासाहीमा नपरेको,

६. प्रचलित कानून बमोजिम कालो सूचिमा समावेश भए नभएको र समावेश भएको भए त्यस्तो सूचिबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा भएको,

७. विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त नगरेको,

८. नियामक निकायबाट कार्यकारी प्रमुख हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको ।

**५। सूचना दिनुपर्नेः**

विभिन्न चरणका प्रस्तुति तथा अन्तर्वार्तामा सहभागिताका लागि उम्मेदवारहरूलाई नेपाल पर्यटन बोर्डको वेव साइट र निजको व्यक्तिगत ईमेलमा सूचना दिनुपर्नेछ ।

**६। समस्या समाधानमूलक विषयमा प्रस्तुतीकरणः**

(क) उपसमितिबाट तत्काल उपलब्ध गराइएको समस्या समाधानमूलक प्रश्नको सम्बन्धमा उम्मेदवारहरुले २० (बीस) मिनेटभित्र तयारी गरी विषय विज्ञहरू समक्ष प्रस्तुतीकरण गर्नुपर्नेछ । प्रस्तुतीकरणको समय १५ (पन्ध्र) मिनेट हुनेछ । विज्ञहरूबाट उक्त प्रस्तुतीकरणको ७ (सात) पूर्णाङ्कमा मूल्याङ्कन गराई प्रत्येक उम्मेदवारलाई प्रत्येक विज्ञबाट पाएको अङ्कको छुट्टाछुट्टै खामबन्दी गरी लाहाछाप लगाई राखिनेछ । बुँदा नं ७ को व्यवसायिक कार्ययोजना बमोजिमको प्रस्तुतीकरण र अन्तर्वार्ताको अङ्क

नेपाल पर्यटन बोर्ड NTB २०५४

४

दिइसकेपछि मात्र ती खामहरु खोली समस्या समाधानमूलक विषयमा प्रस्तुतीकरण वापतको औसत अङ्क निकाल्नुपर्नेछ ।

(ख) समस्या समाधानमूलक प्रस्तुतीकरणको मूल्याङ्कन उपसमितिबाट पनि हुनेछ। उपसमितिले पनि ७ सात पूर्णाङ्कमा नै मूल्याङ्कन गरी प्रत्येक उम्मेदवारलाई प्रत्येक सदस्यबाट प्रदान भएको अङ्कको छुट्टा छुट्टै खामबन्दी गरी लाहाछाप लगाई राखिनेछ । बुँदा नं ७ को व्यवसायिक कार्ययोजना बमोजिमको प्रस्तुतीकरण र अन्तर्वार्ताको अङ्क दिइसकेपछि मात्र ती खामहरु खोली समस्या समाधानमूलक विषयमा प्रस्तुतीकरण वापतको औसत अङ्क निकाल्नुपर्नेछ ।

**७। व्यवसायिक कार्ययोजना बमोजिमको प्रस्तुतीकरण र अन्तर्वार्ता :**

उम्मेदवारहरुले गरेको व्यवसायिक कार्ययोजना बमोजिमको प्रस्तुतीकरण र व्यक्तिगत अन्तर्वार्ता लिई देहाय बमोजिम ५० (पचास) पूर्णाङ्कमा मूल्याङ्कन गर्नुपर्नेछ । उल्लेखित ५० (पचास) अङ्कलाई निम्नानुसार बाँडफाँड गरी मूल्याङ्कन गर्नुपर्नेछ ।

**९क०चारवर्षको व्यवसायिक योजना (Business Plan) को प्रस्तुतीकरण वापत ३० अङ्क**

| सि.नं. | विवरण | अङ्कभार |
|---|---|---|
| १ | **विषयवस्तुको स्पष्टता** | १५ |
| १.१ | अवधारणागत स्पष्टता र सूचना तथा तथ्याङ्कको प्रयोग | ५ |
| १.२ | नवीनपना तथा विश्लेषण | ५ |
| १.३ | समस्याको पहिचान तथा सो को ठोस समाधान | ५ |
| २ | **विषयवस्तुको प्रस्तुतीकरण** | १५ |
| २.१ | प्रस्तुतीकरणको शैली | ५ |
| २.२ | विषयवस्तुको प्रवाह तथा प्रसङ्ग | ५ |
| २.३ | प्रश्नको उत्तर तथा समय व्यवस्थापन | ५ |
| सि.नं. १ र २ को जम्मा | | ३० |

*नोटः व्यवसायिक योजनाको प्रस्तुतीकरण वापतको अङ्क दिदा ७० प्रतिशत भन्दा कम र ९० प्रतिशत भन्दा बढी अङ्क दिंदा कारण खुलाउनु पर्नेछ । त्यसरी कारण खुलाएकोमा उपसमितिको बहुमतबाट मान्य भएमा मात्र स्वीकार्य हुनेछ । अन्यथा त्यसरी दिएको अङ्क न्यूनतम भएमा ७० प्रतिशत र अधिकतम भएमा ९० प्रतिशत अङ्क कायम गरी जोडजम्मा गरिनेछ ।*

**(ख) अन्तर्वार्ता वापत २० अङ्क**

| सि.नं. | विवरण | अङ्कभार |
|---|---|---|
| १. | विषयवस्तुको ज्ञान | ४ |

नेपाल पर्यटन बोर्ड NTB २०५४

| | | |
|---|---|---|
| २. | व्यक्तित्व र आत्मविश्वास | ४ |
| ३. | नेतृत्व क्षमता, समन्वय र सञ्चार/प्रविधि | ४ |
| ४. | अन्तरवैयक्तिक दक्षता | ४ |
| ५. | Track record of effective decision making and problem solving | ४ |
| **जम्मा** | | २० |

७. छनौट उपसमितिले उल्लिखित शैक्षिक योग्यता, कार्य अनुभव, व्यवसायिक कार्ययोजना वापतको अङ्क, समस्या समाधानमूलक विषयमा प्रस्तुतीकरण वापतको अङ्क, व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण वापतको अङ्क र अन्तर्वार्ता बमोजिम उम्मेदवारहरूले प्राप्त गरेको अङ्कको जोडजम्मा गरी उम्मेदवारले प्राप्त गरेको कूल अङ्कको योग्यताक्रम बमोजिम उच्चतम अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारलाई बोर्ड कार्यकारी समिति समक्ष सिफारिस गर्नेछ।

८. उपसमितिले बैठक सञ्चालन गर्दा अवलम्बन गर्नु पर्ने कार्यविधि देहाय बमोजिम हुनेछः-

९क० उपसमितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको वा सदस्यहरुबीच आपसी सहमतिमा तय भएको मिति, स्थान र समयमा बस्नेछ ।

९ख० बैठकको सूचना ईमेल वा ह्वाट्सएप वा एसएमएसद्वारा बैठक बस्नुभन्दा १ (एक) दिन अगावै सदस्यहरूलाई दिनुपर्नेछ ।

९ग० संयोजक सहित कम्तीमा अन्य १ (एक) जना सदस्यको उपस्थितिमा उपसमितिको बैठक बस्न गणपुरक संख्या पुगेको मानिनेछ । संयोजक नतोकिएको अवस्थामा २ जना सदस्य उपस्थित भई बैठक बस्न गणपुरक संख्या पुगेको मानिनेछ।

९घ० उपसमितिको बैठकमा बहुमतको राय मान्य हुनेछ।

९ङ० उपसमितिले व्यवसायिक कार्ययोजनाको मूल्याङ्कन, समस्या समाधानमूलक विषयमा प्रस्तुतीकरण, व्यवसायिक कार्ययोजना बमोजिमको प्रस्तुतीकरण र अन्तर्वार्तामा मूल्याङ्कनको निम्ति विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

९च० उपसमितिको सचिवालयका लागि आवश्यक पर्ने स्थान र अन्य लजिस्टिकको व्यवस्था नेपाल पर्यटन बोर्डले गर्नुपर्नेछ । साथै सचिवालयलाई आवश्यक पर्ने कर्मचारी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल पर्यटन बोर्डबाट उपलब्ध गराइनेछ।

९छ० उपसमितिका सदस्य, आमन्त्रित/विज्ञ, मूल्याङ्कन तथा अन्तर्वार्ताको बैठक भत्ता बोर्डको नियमानुसार हुनेछ । व्यवसायिक कार्ययोजनाको मूल्याङ्कनकर्ताको योग्यता, TOR तथा पारिश्रमिक छनोट उपसमितिले तोके बमोजिम हुनेछ।

नेपाल पर्यटन बोर्ड NTB २०५४

९ज० उपसमितिको बैठकमा प्रस्तुत हुने छलफलको विषयवस्तुको आधारमा आवश्यकता अनुसार कार्यकारी समितिको कुनै सदस्य वा विज्ञलाई बैठकमा आमन्त्रित गर्न सकिनेछ ।

९झ० छनौट सम्बन्धी अन्य कार्यविधि उपसमितिले निर्धारण गरे बमोजिम हुनेछ।

९. कार्यकारी प्रमुखको पदमा आवेदन दिन चाहने प्रत्येक उम्मेदवारको लागि दरखास्त दस्तुर वापत रु. ७,०००।- (सात हजार रूपैया मात्र) नेपाल पर्यटन बोर्डको खाता नं Nepal Tourism Board-PSSK 0101017500353 Nabil Bank Limited, तीनधारा मा जम्मा गरी सो को सक्कल भौचर आवेदन साथ पेश गर्नुपर्नेछ।

१०. छनौट उपसमितिले कुनै विषयमा थप स्पष्ट हुनुपर्ने देखेमा बोर्डको कार्यकारी समितिबाट आवश्यक निर्देशन प्राप्त गर्न सक्नेछ।

११. छनौट सम्बन्धी उल्लिखित प्रक्रिया वा मूल्याङ्कनका आधारका विषयमा उपसमितिका सदस्यहरूबीच कुनै विवाद देखिएमा बोर्डको कार्यकारी समितिले तोकेबमोजिम हुनेछ।

१२. खारेजीः यो कार्यविधि लागु भए पश्चात यस पूर्व बोर्डको कार्यकारी प्रमुख छनौट गर्न बनेका मापदण्ड एवं कार्यविधिहरु खारेज गरिएको छ ।

१३. कार्यविधि जारी रहने अवधिः यो कार्यविधि बोर्डमा हाल रिक्त रहेको कार्यकारी प्रमुख छनौटका लागि मात्र लागु हुनेछ ।

नेपाल पर्यटन बोर्ड NTB २०५४